मधेश प्रदेश सरकार
# अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

फोन नं. ०४१-५२१५१८, ५२३०२८
इमेल: info.moeap@p2.gov.np
वेब साईट: www.mof.madhesh.gov.np

पत्र संख्या: २०८३/०८४
चलानी नं. ९२८

मिति: २०८३।०४।२९

**विषय: नयाँ तलबमान, ग्रेड दर तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धमा।**

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय(सबै),
मधेश प्रदेश।

उपर्युक्त विषयमा मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८३/०४/२९ को बैठकबाट प्रदेशमा कार्यरत कर्मचारीहरूको नयाँ तलबमान, ग्रेड दर तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धमा संवत् २०८३ साल साउन १ गतेदेखि लागू हुने गरी देहाय बमोजिम निर्णय भएकोले सोही अनुसार तहाँ र अन्तर्गतका निकायहरुबाट कार्यान्वयन गर्नु/गराउनु हुन निर्णयानुसार अनुरोध छ।

१. **नयाँ तलबमान तथा ग्रेड रकम स्वीकृति:** संलग्न अनुसूची-१ बमोजिम प्रदेश निजामती सेवाका सम्पूर्ण तहका कर्मचारीहरूको नयाँ सुरु तलबमान, एक दिनको तलब बराबरको ग्रेड रकम तथा अधिकतम ग्रेड सङ्ख्या स्वीकृत गर्ने।

२. **कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता:** स्वीकृत नयाँ सुरु तलबमानका आधारमा अधिकतम १० (दश) प्रतिशतका दरले हुन आउने रकम, तोकिएको न्यूनतम ७५ (पचहत्तर) प्रतिशत कार्यसम्पादन प्रगतिको सर्त तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि,२०८३ को अधीनमा रही कार्यसम्पादनमा आधारित मासिक प्रोत्साहन भत्ताका रूपमा उपलब्ध गराउने।

३. **सङ्घीय सरकारको दरबन्दीका कर्मचारीको सुविधा:** सङ्घीय सरकारको दरबन्दीमा रही प्रदेशमा कार्यरत कर्मचारीहरूको तलब, भत्ता र प्रोत्साहन भत्ता नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने।

४. **वित्तीय दायित्व र बजेट व्यवस्थापन:** चालू आर्थिक वर्ष २०८३/८४ मा प्रदेश निजामती तथा प्रदेश अन्तर्गतका राष्ट्रसेवक कर्मचारीहरूको नयाँ तलबमान, ग्रेड दर, महँगी भत्ताको निरन्तरता र कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता कार्यान्वयन गर्दा सिर्जना हुने थप वित्तीय दायित्व सम्बन्धित मन्त्रालय तथा निकायहरूको स्वीकृत वार्षिक कार्यक्रममा सम्बन्धित खर्च शिर्षक वा कृयाकलापमा विनियोजित रकम अपुग भई थप बजेट आवश्यक परेको खण्डमा सम्बन्धित निकायको आन्तरिक बचतबाट प्रचलित कानुन बमोजिम रकमान्तर गरी बजेट व्यवस्थापन गर्ने। यदि आन्तरिक रकमान्तरबाट समेत बजेट अपुग भएमा अर्थ मन्त्रालय अन्तर्गतको अनुदान शीर्षक "अर्थ विविध" को "भैपरी आउने चालू खर्च" (क्रियाकलाप नं. ८.१.९.११/खर्च शीर्षक नं. २८९११) बाट व्यहोर्ने।

२०८३/०४/२९
जय कुमार राउत
बरिष्ठ उपसचिव

*श्री सूचना प्रविधि तथा तथ्याङ्क शाखा, अर्थ मन्त्रालय, मधेश प्रदेश। – Website मा अपलोड गरिदिनु हुन।*

## सम्बत २०८३ साले साउन १ गते देखि लागू हुने नयाँ तलबमान

**प्रदेश निजामती सेवा** — अनुसूची १

| क्र.सं. | पद / श्रेणी | शुरु तलबमान | ग्रेड संख्या | ग्रेड दर | जम्मा कायम | २०५७/०४/०१ भन्दा अघि नियुक्ति पाएका प्राविधिक वा सो सरह तलब भत्ता खाईपाई आएकाहरुका लागि विशेष व्यवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ग्रेड संख्या | ग्रेड दर (रु.) | अन्तिम तलब |
| १ | अधिकृत एघारौं | ६६५३९ | ५ | २२१८ | ७७६२९ | | | |
| २ | अधिकृत दशौं | ६२४६६ | ७ | २०८२ | ७७०४० | | | |
| ३ | अधिकृत नवौं | ५७६५९ | ७ | १९२२ | ७१११३ | | | |
| ४ | अधिकृत आठौं | ५३६११ | ७ | १७८७ | ६६१२० | | | |
| ५ | अधिकृत सातौं | ५०४३६ | ८ | १६८१ | ६३८८४ | | | |
| ६ | अधिकृत छैठौं | ४८०५८ | ८ | १६०२ | ६०८७४ | | | |
| ७ | सहायक पाँचौं | ३८२०३ | १० | १२७३ | ५०९३३ | | | |
| ८ | सहायक चौथो | ३६१९२ | १० | १२०६ | ४८२५२ | | | |
| **हेभी सवारी चालक** | | | | | | | | |
| ९ | पाँचौं स्तर | ४५७१७ | ४ | १५२४ | ५१८१३ | २ | १५२४ | ५४८६१ |
| १० | चतुर्थ स्तर | ४३७९४ | २ | १४६० | ४६७१४ | २ | १४६० | ४९६३४ |
| ११ | तृतीय स्तर | ४१३९१ | २ | १३८० | ४४१५१ | २ | १३८० | ४६९११ |
| १२ | द्वितीय स्तर | ३६६७३ | २ | १२२२ | ३९११७ | २ | १२२२ | ४१५६१ |
| १३ | प्रथम स्तर | ३२७०१ | २ | १०९० | ३४८८१ | २ | १०९० | ३७०६१ |
| **हलुका सवारी चालक** | | | | | | | | |
| १४ | पाँचौं स्तर | ४३७९४ | ४ | १४६० | ४९६३४ | २ | १४६० | ५२५५४ |
| १५ | चतुर्थ स्तर | ४१३९१ | २ | १३८० | ४४१५१ | २ | १३८० | ४६९११ |
| १६ | तृतीय स्तर | ३६६७३ | २ | १२२२ | ३९११७ | २ | १२२२ | ४१५६१ |
| १७ | द्वितीय स्तर | ३२७०१ | २ | १०९० | ३४८८१ | २ | १०९० | ३७०६१ |
| १८ | प्रथम स्तर | ३०३७३ | २ | १०१२ | ३२३९७ | २ | १०१२ | ३४४२१ |
| **कार्यालय सहयोगी** | | | | | | | | |
| १९ | पाँचौं स्तर | ३६१४२ | ४ | १२०५ | ४०९६२ | | | |
| २० | चतुर्थ स्तर | ३२७०१ | २ | १०९० | ३४८८१ | | | |
| २१ | तृतीय स्तर | ३०३७३ | २ | १०१२ | ३२३९७ | | | |
| २२ | द्वितीय स्तर | २८६९० | २ | ९५६ | ३०६०२ | | | |
| २३ | प्रथम स्तर | २७१७२ | २ | ९०६ | २८९८४ | | | |

सेवन्तक पोखरेल
प्रदेश सचिव
अर्थ मन्त्रालय